# NRNA NCC RUSSIA
# Woman activities

गैरआवासीय नेपाली संघ रुस रास्ट्रिय समन्वय परिषदसंग सम्वद्ध नेपाली महिलाहरुले संघको विभिन्न क्षेत्रहरुमा भएका कार्यक्रम र गतिविधिहरुमा पुरुषहरुले झैं सक्रिय रुपमा आफ्नो दक्षता र सम्भावना को आधारमा उल्लेखनीय भूमिका खेल्दै आएका छन् |अधिकांश महिलाहरु नेपाली नारी निकुन्जसंग आवद्ध छन् |
नेपाली महिलाहरुको सहभागितामा पछिल्लो समयमा भएका केहि महत्वपूर्ण कार्यक्रमहरु बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु |

प्रस्तोता : श्रीमती मीना अधिकारी
महिला संयोजक , सदस्य
गैरआवासीय नेपाली संघ, रुस रास्ट्रिय समन्वय परिषद
मस्को, रसिया

# NRNA NCC RUSSIA

## एन आर एन को १ दशक यात्रा : बधाई ज्ञापन तथा बृहत अन्तरक्रिया समारोह

- एन आर एन को १० वर्षगाँठ : अग्रजहरुलाई बधाई ज्ञापन तथा बृहत अन्तरक्रिया कार्यक्रममा नेपाली महिलाहरुको राम्रो सहभागिता थियो |




Unleash Yourself
VISIT POKHARA
Непал

# NRNA NCC RUSSIA

## मस्कोमा परम्परागत दशैं तिहार चाड भव्यताकासाथ सम्पन्न

**२०१३ अक्टोबर १४ अपरान्ह रुसको राजधानी मस्कोस्थित राजदुतावासमा परम्परागत विधि अनुरुप नेपाली दशैं चाड भव्यताकासाथ सम्पन्न भएको थियो |**

**त्यसै गरि परम्परागत रुपमा मनाउँदै आएको नेपालीहरुको तिहार-चाड पनि राजदुतावासको सभाकक्षमा भव्यताकासाथ सम्पन्न गरि शुभकामना आदान-प्रदान गरिएको थियो |**







## मस्कोमा फागुपूर्णेको होली र अन्तरास्ट्रिय नारी दिवस सम्पन्न

मार्च 16, 2014 मस्को, रसिया |
मस्कोस्थित नेपाली दुतावासको सभाकक्षमा रसियाबासी नेपालीहरुले यो वर्ष पनि विविध आकर्षणका साथ् फागुपूर्णेको होली र अन्तरास्ट्रिय नारी - दिवस भव्यताकासाथ् मनाएका छन् | अन्तरास्ट्रिय नारी - दिवस र होलीसमारोहका संयोजकको भूमिका निर्वाह गर्नु हुने गैरआवासीय नेपालीसंघका केन्द्रिय नारी संयोजक सपीलाराजभण्डारीले नारी दिवस र होलीको शुभकामना दिंदै संस्थाको अन्य गतिविधीहरुको चर्चा गर्नु भयो |







## विचार गोष्ठी एवं अन्तरक्रिया कार्यक्रम :

## "एन.आर. एन.ए. अभियानको एक दशक: उपलब्धि र सम्भावनाहरु"

## समीक्षात्मक अन्तरक्रिया एवं सम्मान समारोह

## तथा

## नयाँ-वर्ष -२०१४ को शुभकामना आदान-प्रदान

रुसको राजधानीस्थित नेपाली राजदूतावासको सभाकक्षमा गैरआवासीय नेपाली अभियानको एक दशकप्रति समर्पित भव्य कार्यक्रम सम्पन्न भयो | गैरआवासीय नेपाली संघ रुस (एनआरएनए एनसीसी रुस) को तत्वावधानमा त्यसका अध्यक्ष डा. मधुकृष्ण श्रेष्ठ "माधुर्य" को सभापतित्वमा सुसम्पन्न भएको भव्य समारोहमा रुसका लागि नेपाली राजदूत डा. रविमोहन सापकोटाबाट प्रमुख अतिथिको आसन ग्रहण गरिएको थियो भने अध्यक्षमण्डलमा एनआरएनएका केन्द्रीय निवर्तमान अध्यक्ष जीबा लामिछाने, रुस नेपाल मैत्री तथा सहयोग समाजका मानार्थ अध्यक्ष अलेक्सान्द्र सोलोभ्एभलाइ सम्मान प्रदान गरिएको थियो | महासचिव महेशकुमार खड्काबाट कार्यक्रमको सफल सञ्चालन गरिएको थियो | उक्त कार्यक्रममा नेपाली महिलाहरुको पनि राम्रो सहभागिता थियो |


Unleash Yourself
Непал
VISIT POKHARA
Непал

## नयाँवर्षमा मास्कोमा सांस्कृतिक साँझ

बिक्रम सम्बत्  २०७१ को शुभागमनको स्वागतार्थ गैरआवासीय नेपाली संघ रुस तथा नेपाली छात्रसंघ, रसियालीजनमैत्रीविश्वविद्यालयको तत्वावधानमा रुसमा रहेका नेपालीहरुकाविभिन्न संघसंस्थाहरु (रुस सीआईएस नेपालउद्योगवाणिज्य संघ, नेपालीनारी निकुञ्ज, नेपाल खेलकूदतथा संस्कृति समाज, विश्व नेपाली साहित्यमहासंघ रुस) को समेत सक्रिय सहभागितामाभव्य समारोह र सांस्कृतिक साँझ सुसम्पन्नभएको छ ।

रुसस्थित नेपाली राजदूतावास परिवारका साथै विभिन्न नेपाली संघसंस्थाका पदाधिकारीहरु र सदस्यहरु तथातिनका रुसी मित्रहरुले खचाखच भरिएको प्रेक्षालयमा नेपाली राष्ट्रिय गानको धूनबाट सांस्कृतिक साँझको शुभारम्भ गरियो । रुसका लागि नेपाली राजदूत डा. रविमोहन सापकोटा, गैरआवासीय नेपाली संघका निवर्तमानकेन्द्रीयअध्यक्षजीवा लामिछाने, रुस राष्ट्रिय समन्वय परिषदकाअध्यक्ष डा. मधुकृष्ण श्रेष्ठ 'माधुर्य', नेपाली छात्रसंघका अध्यक्षकिरण रानाभाट लगायतपदाधिकारीहरुका साथै जेष्ठ नागरिकको हैसियतले यसै पंक्तिकारद्वारा जोर पानसमा दीप प्रज्ज्वलनगरिएपछि सांस्कृतिक साँझको औपचारिक खण्ड सुरु भयो ।


Non-Resident Nepali Association NCC Russia
&
Nepalese Students' Association (PFUR)
present
NRN
RUSSIA
नव वर्ष २०७१ साँस्कृतिक साँझ
Ramila Neupane
Ananda Karki
LIVE CONCERT IN MOSCOW
Supported by:
RNCCI
Nepal Women's Club
Moscow - 2003
RUSSIAN FEDERATION




MOSCOW
Клуб женщин Непала
Nepal Women's Club
Moscow - 2003
RUSSIAN FEDERATION




Non-Resident Nepali Association NCC Russia
&
Nepalese Students' Association (PFUR)
present
नव वर्ष २०७१ साँस्कृतिक साँझ
Ramila Neupane
Ananda Karki
LIVE CONCERT IN MOSCOW

## मस्कोमा सम्पन्न रास्ट्रिय गणतन्त्र दिवसका  झलकहरु :







## ८. नेपाली कला तथा संस्कृति प्रवर्द्धन क्षेत्र:

गैरआवासीय नेपाली संघसंग सम्बद्ध नेपाली उद्धमी र रुसी उद्धमी-सहभागीहरुको संयुक्त पहलमा रुसको कालुगा अंचलस्थित एत्नो-संसार क्षेत्रमा हाम्रो मौलिक प्यागोडा-शैली झल्कने “नेपाल हाउस” निर्माण सम्पन्न भै यही वर्षको मे महिनामा त्यसको समुद्घाटन समेत भै सकेको छ। उक्त कार्यक्रममा नेपाली महिलाहरुको सक्रिय सहभागिता थियो |





# "नेपाल हाउस" मा बुद्ध-जयन्ती समारोह सम्पन्न

गैरआवासीय नेपाली संघ, रुस रास्ट्रीय समन्वय परिषदले मस्कोस्थित बिभिन्न संघसंस्थाका प्रतिनिधिहरुसंको संयुक्त पहलमा रुसको कालुगा अंचलस्थित एत्नो-संसार क्षेत्रमा निर्मित "नेपाल हाउस" मा सरसफाई गर्दै बुद्धको सालिक वरिपरी दीप-जलन गरी यो साल पनि नेपाली महिलाहरुको सक्रिय सहभागितामा भव्यताकासाथ बुद्ध-जयन्ती मनाएको थियो ।





## गैरआवासीय नेपाली संघ, रुस रास्ट्रीय समन्वय परिषदसम्वद्ध नेपाली महिलाहरुको स्थिति र केहि प्रश्नहरुबारे हाम्रो धारणा

१. रसियामा हाल झन्डै ४० जनाजति महिलाहरु भएको अनुमान गरिएको छ |
२. त्यसमा अधिकांश महिलाहरु परिवारलाई सघाउने घरायसी कार्यमा व्यस्त देखिन्छन् |
३. Work PERMIT बिना काम गर्न नपाइने भएकोले र भाषाको समस्याले गर्दा नेपाली महिलाहरु अवसरबाट बन्चित छन् | वहाहरुले भाषा सिकेर अफ्नो दक्षता देखाउन पहल गर्नु पर्ने देखिन्छ |
४-५ . ONE EURO PROJECT समसामयिक र सान्दर्भिक देखिएकोले यसमा हाम्रो नैतिक समर्थन छ | NCC Women Forum ले आगामी दिनहरुमा महिलाहरुको हितकोलागी कार्यक्रम तर्जुमा गर्दा ONE EURO PROJECT लाइ सघाउ पुर्याउने सोचमा छौं |

धन्यवाद !